# विद्युतीय रिक्सा दर्ता, अनुमति, नवीकरण तथा नियमन कार्यविधि, २०८१

## बर्दिबास नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बर्दिबास , महोत्तरी

मधेश प्रदेश, नेपाल

प्रमाणीकरण मिति- २०८१।१२।२२

CamScanner

# विद्युतीय रिक्सा दर्ता, अनुमति, नवीकरण तथा नियमन कार्यविधि,२०८१

१.प्रस्तावना : बर्दिबास नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्युतीय रिक्साहरुको दर्ता, अनुमति नवीकरण र नियमन सम्बन्धी विषयमा प्रक्रियागत स्पष्टता ल्याई नगरमा साना सवारीहरुको सञ्चालनलाई व्यवस्थित गर्न र साना सवारी करलाई व्यवस्थित एवम् प्रभावकारी रुपमा कार्यान्वयन गर्न वाञ्छनीय भएकोले,

बर्दिबास नगरपालिकाको मिति २०७८।१०।२४ गतेकोनगरसभालेबर्दिबास नगरपालिकाबाट कर तथा गैर करराजश्व सम्वन्धी ऐन, २०७८ को दफा १३ कोउपदफा(२) बमोजिम यो कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो कार्यविधिको नाम "विद्युतीय रिक्सा दर्ता, अनुमति, नवीकरण तथा नियमन कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि नगरपालिका क्षेत्रभर लागू हुनेछ, सवारी साधन धनी जहाँसुकै रहे बसेको भए पनि, ऐन र यस कार्यविधि बमोजिम, निजको हकमा समेत लागू हुनेछ।

(३) यो कार्यविधि प्रमाणिकरण गरेको मितिदेखि लागू हुनेछ।

२. परिभाषा :विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमा,

(क) "ऐन" भन्नाले बर्दिबास नगरपालिकाको कर तथा गैरकर सम्वन्धी ऐन, २०७८ सम्झनु पर्छ ।

(ख) "विद्युतीय रिक्सा" भन्नाले पेट्रोलियम पदार्थ बिना विद्युत, सौर्य ऊर्जा वा नवीकरणीय ऊर्जाबाट चार्ज हुने रिक्सा भन्ने बुझिनेछ । यसलाई छोटकरीमा ई-रिक्सा भनिनेछ ।

(ग)"साइकल रिक्सा"भन्नाले मानव श्रम शक्तिद्वारा सञ्चालन हुने परम्परागत साइकलरिक्सा भन्ने बुझिनेछ।यसले सामान बोक्न प्रयोग हुने साइकल रिक्सा समेतलाई जनाउँछ ।

(घ) "कर अधिकृत" भन्नाले नगरपालिकाको राजस्व शाखा प्रमुख सम्झनु पर्छ र सो शब्दले कर अधिकृतद्वारा प्रत्यायोजित अधिकार प्रयोग गर्ने नगरपालिकाको कर्मचारीलाई समेत जनाउँछ।

(ङ) "राजस्व शाखा" भन्नालेनगरपालिकामा राजस्व सम्बन्धी काम, कारवाही र निर्णय गर्ने जिम्मेवारी प्राप्त राजस्व प्रशासनका लागि गठन गरिएको राजस्व शाखा सम्झनु पर्छ, र यो शब्दले राजस्व शाखाको प्रत्यायोजित अधिकार प्रयोग गर्ने वडा समितिलाई समेत जनाउँछ।

(च) "नगर क्षेत्र" भन्नाले बर्दिबास नगरपालिकाको सीमाना भन्ने बुझाउँछ ।



CamScanner

(छ) "संचालन अनुमति" भन्नाले बर्दिबास नगरपालिकाले रुट निर्धारण गरी नगर क्षेत्र भित्र सञ्चालन गर्न अनुमति दिई नगरपालिका वा सम्बन्धित यातायात व्यवस्था कार्यालयमा दर्ता भएका विद्युतीय रिक्साको संचालन अनुमतिलाई बुझाउँछ।

(ज) "रुट" भन्नाले विद्युतीय रिक्सा सञ्चालनका लागि नगरपालिकाले निश्चित क्षेत्र तोकी रुट इजाजत पत्रमा उल्लेखित सडक भन्ने बुझाउँछ।

(झ) "कार्यपालिका" भन्नाले बर्दिबास नगरपालिका नगर कार्यपालिका सम्झनुपर्दछ।

(ञ) "कार्यालय" भन्नाले बर्दिबास नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाईसम्झनु पर्दछ । यसले वडा कार्यालयलाई समेत जनाउँछ।

(ट) "कार्यविधि" भन्नाले विद्युतीय रिक्सा दर्ता, अनुमति, नवीकरण तथा नियमन कार्यविधि, २०८१ सम्झनु पर्दछ ।

(ट) "नगरपालिका" भन्नाले बर्दिबास नगरपालिका सम्झनु पर्दछ ।

(ड)"वडा कार्यालय" भन्नाले नगर कार्यपालिका अन्तर्गतको वडा कार्यालय सम्झनुपर्दछ।

(ढ)"प्रमुख" भन्नाले नगर प्रमुख सम्झनु पर्दछ।

(ण)"प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ बमोजिम नियुक्त नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

## परिच्छेद २

## विद्युतीय रिक्सा दर्ता, अनुमति, नवीकरण सम्बन्धी व्यवस्था

३.अनुमति लिई विद्युतीय रिक्सा सञ्चालन गर्नुपर्ने : (१) नगरपालिका क्षेत्रभित्र विद्युतीय रिक्सा वा साइकल रिक्सा सञ्चालन गर्न चाहने व्यक्ति वा संस्थाले नगरपालिकामा दर्ता गरी नगरपालिकाले दिएको अनुमति अनुसार सञ्चालन गर्नुपर्नेछ।

(२) यो कार्यविधि प्रारम्भ हुनु अगावै यातायात व्यवस्था कार्यालयमा दर्ता भएका विद्युतीय रिक्सा तथा साइकल रिक्साहरु यस कार्यविधि बमोजिम नगरपालिकावाट अनुमति लिई सञ्चालन गर्नुपर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम संचालन अनुमति नलिई नगर क्षेत्र भित्र त्यस्ता सवारी साधन सञ्चालन गर्न पाइनेछैन ।

४. अन्यत्र दर्ता भएका सवारी सञ्चालनमा रोक लगाइने :राष्ट्रिय तथा प्रादेशिक राजमार्ग वाहेक नगरपालिकाका अन्य सडकमा नगरपालिकावाट सञ्चालन अनुमति प्राप्त बाहेक अन्य विद्युतीय रिक्सा र साइकल रिक्सा सञ्चालनमा पूर्णतः बन्देज गरिनेछ ।

तर, छिमेकी गाउँपालिका वा नगरपालिकाबाट सञ्चालनको लागि इजाजत प्राप्त सवारी साधनहरुले उपचारका लागि बिरामी लिएर आएको, दैवी प्रकोप उद्धारको अवस्था बाहेक सीमा क्षेत्रबाट १ कि. मि. भन्दा बढी दूरीको क्षेत्रमा सवारी साधन ल्याउन पाइने छैन ।

५.विद्युतीय रिक्सा वा साइकल रिक्सा दर्ता तथा नवीकरण: (१) नगरपालिकामा दर्ता गराई सञ्चालन अनुमति लिनुपर्ने विद्युतीय रिक्सा वा साइकल रिक्साको दर्ताको लागि निम्न बमोजिमको कागजात सहित अनुसूची-१ बमोजिमको ढाँचामा प्रमुख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनुपर्नेछ :

(क) नेपाल भित्र खरिद गरेको भए खरीद गर्ने व्यक्ति, फर्म वा कम्पनी वा एजेन्टले सो खरीद गरेको निस्सा

(ख) विदेशबाट पैठारी गरेको भए पैठारी गर्ने व्यक्ति, फर्म वा कम्पनी वा एजेन्टले सो सवारीको भन्सार महसूल तिरेको निस्सा

(ग) सवारी धनी व्यक्ति भएमा नागरिकताको प्रतिलिपि र कम्पनी वा फर्म भएमा दर्ता तथा कर चुक्ता प्रमाणपत्र

(घ) नेपाल सरकार / प्रदेश सरकारका निकाय, विभाग वा कार्यालयमा दर्ता भएको भए सवारी नम्बर र ब्लु बुकको प्रतिलिपि, दर्ता हुँदा रुट इजाजतपत्र प्राप्त गरेको भए सोको विवरण र पुष्टि हुने कागजात ।

(ङ)सवारी धनी आफैं उपस्थित नभई अरू कसैलाईपठाएको भए सोको अख्तियारनामा ।

(२) उपदफा (१) बमोजिम दरखास्त पर्न आएमा कर अधिकृतले त्यस्तो दरखास्तका सम्बन्धमा आवश्यक जाँचबुझ गरी अनुसूची-२ बमोजिमको सवारी दर्ता किताबमा सवारी दर्ता गरी दरखास्तवालालाई दर्ताको प्रमाणपत्र दिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम दर्ता भएको सवारीको धनीलाई नगरपालिकाले अनुसूची - ३ मा उल्लेख भए बमोजिम अक्षर र अङ्ग सहितको नम्बर प्लेट संकेत दिइनेछ । सवारी धनीले यस्तो नम्बर प्लेट, संकेत सम्बन्धित सवारीमा प्रष्ट रूपमा देख्न सकिने गरी राख्नु पर्नेछ ।

(४) नगर क्षेत्रमा सञ्चालन हुने विद्युतीय रिक्सा तथा साइकल रिक्साको अधिकतम संख्याको हद कार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

(५) दर्ता भएका अटो रिक्सा, विद्युतीय रिक्सा तथा साइकल रिक्साको नवीकरण आर्थिक ऐनले निर्धारण गरे अनुसार वार्षिक सवारी कर भुक्तानी गरे पछि स्वतः हुनेछ।

(६) विद्युतीय रिक्सा तथा साइकल रिक्साको दर्ता शुल्क नगरपालिकाको आर्थिक ऐनले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद ३

### विद्युतीय रिक्साको सञ्चालन अनुमति तथा नियमन सम्बन्धी व्यवस्था

६. रुट निर्धारण तथा सञ्चालन अनुमति : (१) नगरपालिका क्षेत्रमा सञ्चालन हुने विद्युतीय रिक्सा तथा साइकल रिक्सा नगरपालिकाले तोकेको रुटमा मात्र सञ्चालन गर्न पाइनेछ ।

(२)विद्युतीय रिक्सा तथा साइकल रिक्साको रुटकार्यालयले निर्धारण गरे बमोजिम हुने र रुट थप घट गर्नु परेमा आर्थिक ऐनले तोकेको दस्तुर लिई गर्न सकिनेछ।

तर, त्यसरी रुट निर्धारण गर्दा मुख्य राजमार्गको मध्य भागवाट संचालन हुने गरी गरिने छैन ।

(३) नगरपालिकाले तोकेको रुट तथा सञ्चालन अनुमति यसै कार्यविधिको दफा ५ को उपदफा (२) बमोजिम सवारी धनीलाई दिइने प्रमाणपत्रमा उल्लेख हुनेछ ।

(४) यस कार्यविधि बमोजिम संचालन अनुमतिका लागि आवेदन दिन नगरपालिकाले कम्तीमा २१ दिनको समय दिई सार्वजनिक सूचना प्रकाशित गर्नु पर्नेछ।

७. रुट निर्धारण,अनुमति, भाडा दर तथा नियमन सम्बन्धी व्यवस्था:(१) नगर क्षेत्र भित्र सञ्चालन हुनेविद्युतीय रिक्सा र साइकल रिक्साको संचालन तथा व्यवस्थापनको लागि कार्यपालिकाले देहाय बमोजिमको समिति गठन गर्नेछः

क. उप-प्रमुख - संयोजक

ख. यातायात व्यवस्था कार्यालयले तोकेको अधिकृत प्रतिनिधि १ जना- सदस्य

ग. जिल्ला ट्राफिक प्रहरी कार्यालयलेतोकेको अधिकृत प्रतिनिधि१जना-सदस्य

घ. आधिकारीकसम्बन्धित संघकोप्रतिनिधि १ जना-सदस्य

ङ. प्रमुखले तोकेको प्राविधिक १ जना-सदस्य

च. नगर उद्योग वाणिज्य संघको प्रतिनिधि१जना- सदस्य

छ.राजस्व शाखा प्रमुख -सदस्य सचिव

(२) समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम

क.विद्युतीय रिक्सा रसाइकल रिक्सा साना सवारी साधनको दर्ता, रुट निर्धारण तथा नियमनका लागि कार्यालयलाई आवश्यक सल्लाह तथा सुझाव दिने,

ख.भाडा दर निर्धारण गर्ने र लागु गर्ने गराउने,

ग. सवारी साधन संचालन योग्य छ छैन भन्ने बारेमा समय-समयमाप्राविधिकजाँच गराई संचालन योग्य नदेखिएका सवारी साधनको दर्ता र रुट खारेजीको सिफारिस गर्ने,

घ. नगर क्षेत्रमा संचालित सवारी साधन, ट्राफिक व्यवस्थापनको अवस्था समेतलाई विचार गरी रिक्साको प्रकृतिका साना सवारी साधनको संख्या थप घट गर्न कार्यालयलाई सुझाव दिने, र

ङ. नगरमा संचालित सवारी साधनमा कलर कोड तोक्ने।

(३) समितिको बैठक व्यवस्थापन सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ।

८.सवारी धनी तथा सवारी चालकले पालन गर्नुपर्ने शर्तःयस कार्यविधिमा अन्यत्र उल्लेख भएकोमा उल्लेख भए बमोजिम र उल्लेख नभएको हकमा सवारी धनी तथा सवारी चालकले देहाय बमोजिम शर्त पालन गर्नु पर्नेछः

(क) सवारी चालकको ठेगाना र फोन नम्बर सहित पहिचान खुल्ने विवरण सवारी साधनमा सवैले देखे गरी राख्नु पर्नेछ ।

(ख) प्रचलित कानून बमोजिम यात्रु तथा तेस्रो पक्ष बिमा गराएको हुनुपर्दछ ।

(ग) निषेधित क्षेत्रमा सवारी सञ्चालन गर्न पाइने छैन ।

(घ) राजमार्गको विच भाग तथा कच्ची सडकमा सवारी सञ्चालन गर्न पाइने छैन।

(ङ) दर्ता नभएका र कर चुक्ता गरी नवीकरण नभएका सवारी साधन सञ्चालन गर्न पाइने छैन ।

(च) मादक पदार्थ वा लागु औषध सेवन गरी सवारी संचालन गर्न पाइने छैन ।

(छ) यात्रुसंग मर्यादित व्यवहार गर्नु पर्नेछ ।

९.सवारीको नामसारीः (१) कुनै व्यक्तिको नाममा दर्ता भएको सवारी अन्य कुनै व्यक्तिको नाममा नामसारी गराउन चाहेमा सम्बन्धित सवारी धनीले आवश्यक कागजात सहित अनुसूची-४ बमोजिमको ढाँचामा प्रमुख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्त पर्न आएमा त्यस्तो दरखास्तको सम्बन्धमा कर अधिकृतले आवश्यक जाँचबुझ गरी दरखास्तवालाको माग बमोजिम तोकिएको शुल्क लिई सवारीको नामसारी गरी दिनेछ ।

१०.सवारी धनीको मृत्यु भएको सवारीको नामसारीः (१) दर्ता भएको कुनै सवारीको धनीको मृत्यु भई त्यस्तो सवारी धनीको प्रचलित कानून बमोजिमको हकवालाले सो सवारी आफ्नो नाममा नामसारी गर्न चाहेमा आवश्यक कागजात सहित अनुसूची-५ बमोजिमको ढाँचामा प्रमुख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्त पर्न आएमा त्यस्तो दरखास्तको सम्बन्धमा कर अधिकृतले आवश्यक जाँचबुझ गरी दरखास्तवालाको माग बमोजिम तोकिएको शुल्क लिई सवारीको नामसारी गरी दिनेछ ।

११.सवारी नामसारी नगरिनेःकार्यविधिको दफा ८ र ९ मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै व्यक्तिको नाममा दर्ता रहेको सवारी दुर्घटना वा अन्य कुनै कारणबाट क्षतिग्रस्त भई त्यस्तो सवारीको इन्जिन र चेसिस दुबै बिग्रिई काम नलाग्ने अवस्थाको रहेछ भने त्यस्तो सवारी अन्य कुनै व्यक्तिको नाममा नामसारी गरिने छैन ।

१२.दर्ताको प्रमाणपत्र खारेजीः (१) सवारीको धनीले नगरपालिकामा दर्ता भएको सवारीको दर्ताको प्रमाणपत्र खारेज गराउन चाहेमा अनुसूची-६ बमोजिमको ढाँचामा प्रमुख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्त पर्न आएमा त्यस्तो सवारीको सम्बन्धमा कर अधिकृतले आवश्यक जाँचबुझ गरी दरखास्तवालाको माग बमोजिम दर्ताको प्रमाणपत्र खारेज गर्न उपयुक्त देखेमा दर्ताको प्रमाणपत्र खारेज गरी सो को व्यहोरा दर्ता किताबमा जनाई त्यस्तो सवारीको लगत कट्टा गर्नुपर्नेछ ।

१३. दर्ताको प्रमाणपत्रको प्रतिलिपिः (१) सवारी धनीलाई सवारीको दर्ताको प्रमाणपत्रको प्रतिलिपि आवश्यक परेमा सम्बन्धित सवारी धनीले नगरपालिकामा अनुसूची ७ बमोजिमको ढाँचामा प्रमुख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्त पर्न आएमा त्यस्तो दरखास्तको सम्बन्धमा कर अधिकृतले आवश्यक जाँचबुझ गरी दरखास्तवालाको माग बमोजिम दर्ताको प्रमाणपत्रको प्रतिलिपि दिन आवश्यक देखेमा दर्ताको प्रमाणपत्रको प्रतिलिपि दिनुपर्नेछ ।

## परिच्छेद - ४

## विविध

१४. दण्ड जरिवाना तथा कर/दस्तुरसम्बन्धी व्यवस्था : (१) यस कार्यविधि विपरीत दर्ता अनुमति लिनु पर्नेमा दर्ता अनुमति विना सवारी संचालन गरे गराएमा वा रुट अनुमति विना सवारी चलाएमा वा तोकिएको भन्दा बढी भाडा लिएको पाइएमा वा दफा ८ बमोजिमको शर्त उल्लंघन गरेमा नगरपालिकाको आर्थिक ऐनले तोके बमोजिमको जरिवाना हुनेछ ।

(२) एउटा सवारी साधनले पाँच पटक भन्दा बढी पटक पटक सोही कसूर गरेमा दर्ता अनुमति र रुट परमिट खारेज हुनेछ ।

(३) दण्ड जरिवाना गर्ने अधिकारी यस दफा बमोजिमको दण्ड जरिवाना प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतले गर्नेछ ।

(४) यस कार्यविधिसँग सम्बन्धित कर/दस्तुर नगरपालिकाको आर्थिक ऐन बमोजिम असुल गरिने छ।



CamScanner

१५.यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यातायात व्यवस्था कार्यालयमा दर्ता भई संचालन भएका ई- रिक्साहरुको हकमा यसै कार्यविधि बमोजिमको प्रक्रियामा आई नगरपालिकावाट सञ्चालनको इजाजत लिनु पर्नेछ ।

१६.अधिकार प्रत्यायोजन गर्न सकिने:यस कार्यविधि कार्यान्वयनको लागि कार्यपालिका वा प्रमुख प्रशासकीय अधिकृतमा निहित रहेको अधिकार मातहतका कर अधिकृतलाई प्रत्यायोजन गर्न सकिनेछ ।

१७.बाधा अड्काउ फुकाउने अधिकारः (१) यस कार्यविधि कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार कार्यपालिकालाई हुनेछ ।

(२) उपदफा (१) बमोजिमको अधिकारको प्रयोग गर्दा ऐन र यस कार्यविधिको मूलभूत कुरालाई असर नपर्ने गरी मात्र गर्न सकिनेछ ।

१८.बचाउः (१) यस कार्यविधिमा लेखिएका कुरामा यसै बमोजिम र नलेखिएको कुरामाप्रचलित कानून बमोजिम हुनेछ ।

(२) यस अघि नगरपालिकाबाट भए गरेका कामहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची-१

(दफा ५ को उपदफा १ संग सम्बन्धित)

### विद्युतीय रिक्सा वा साइकल रिक्सा दर्ताको लागि दरखास्त फाराम

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,

बर्दिबास नगरपालिका

महोत्तरी, मधेश प्रदेश ।

विषय-विद्युतीय रिक्सा वा साइकल रिक्सा दर्तासम्बन्धमा

मेरो/हाम्रो नाममा खरिद भएको / प्राप्त भएको / झिकाएको निम्न बमोजिमको सवारी शुरु दर्ता गराउनका लागि लाग्ने दस्तुर र चाहिने अन्य निस्सा प्रमाणहरु यसै साथ संलग्न राखी पेश गरेको छु/छौं । उक्त सवारी जाँच गरी मेरो/ हाम्रो नाममा दर्ता गरी दर्ता प्रमाणपत्र पाउन यो दरखास्त दिएको छु / छौं ।

१. सवारी झिकाउने (व्यक्ति, फर्म, कम्पनी वा संस्था) को नाम थर :

२. ठेगाना (क) स्थायी :

(ख) अस्थायी :

३. पिता वा पतिको नाम थर (व्यक्ति भएमा) :

४. सवारीमा भएको दर्ता नं. (साविक दर्ता भएको भएमा) :

५. सवारीको किसिम :

६. सवारी वनाउने कम्पनीको नाम :

७. सवारीको मोडल (निर्माण भएको साल) :

८. हर्स पावर सिसि :

९. सवारीको इन्जिन नं. :

१०. सवारीको चेसिस नं. :

११. सवारीको रंग :

१२. प्रयोग हुने ऊर्जा :

१३. सिट संख्या :



CamScanner

१४. प्रयोग (निजी वा भाडा) :

१५. चलाउने क्षेत्र :

१६. विक्रेताको नाम :

१७. खरिद गरेको विल नं. :

१८. भन्सार तिरेको रसिद नम्वर :

१९. भन्सार तिरेको मिति :

दरखास्त दिने व्यक्ति वा संस्थाको

दस्तखत/छाप.

नाम थर :.

ठेगाना :.......

मिति :

अनुसूची-२

(दफा ५ को उपदफा २ संग सम्बन्धित)

## सवारी दर्ता किताब तथा सवारी दर्ता प्रमाणपत्र

## बर्दिबास नगरपालिका नगरकार्यपालिकाको कार्यालय

## बर्दिबास, महोत्तरी

सवारी बनाउने कम्पनीको नाम:सवारीको मोडल :विक्रेताको नाम :सवारीको किसिम :खरिद गरेको बिल नं. :सवारी दर्ता नम्बर :

हर्स पावर सिसि :भन्सार तिरेको रसिद नम्वर :सवारी दर्ता मिति :

सवारीको इन्जिन नं. :भन्सार तिरेको मिति :सवारीको चेसिस नं.

सवारीको रंग :प्रयोग हुने ऊर्जा :सिट संख्या :

प्रयोग (निजी वा भाडा) : रुट:

सवारी धनीको सवारी धनीको सवारीको नामसारी

| सवारी धनीको नाम थर र ठेगाना | सवारी धनीको फोटो र दस्तखत | सवारीको नामसारी | | दस्तुर बुझाएको रसिद नं र मिति | प्रमाणित गर्नेको दस्तखत |
|---|---|---|---|---|---|
| | | बिक्री गर्नेको सही | खरिद गर्नेको सही | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

प्रमुख प्रशासकीय अधिकृत

# अनुसूची-३

(दफा ५ को उपदफा ३ संग सम्बन्धित)

## विद्युतीय रिक्सा तथा साइकल रिक्साको नम्बर प्लेटको ढाँचा

मधेश प्रदेश

ब.न.पा. (सवारी कोड)

पाँच डिजिटको नम्बर क्रमश दिने :

सवारी कोड :

निजी विद्युतीय रिक्सा भएमा : १ क

भाडाको विद्युतीय रिक्सा भएमा : १ ख

सरकारी विद्युतीय रिक्सा भएमा : १ ग

निजी साइकल रिक्सा भएमा : २ क

भाडाको साइकल रिक्सा भएमा : २ ख

सरकारी साइकल रिक्सा भएमा : २ ग

नम्बर प्लेटको ढाँचाः

| |
|---|
| मधेश प्रदेश<br><br>ब.न.पा. १<br>क ००३४२ |

अनुसूची-४

(दफा ९ को उपदफा १ संग सम्बन्धित)

सवारी नामसारी दरखास्त फाराम

मिति:

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू

बर्दिबास नगरपालिका

महोत्तरी, मधेश प्रदेश ।

विषय- सवारी नामसारी सम्बन्धमा

लिखितम् मेरो/हाम्रो नाममा दर्ता भई मेरो/हाम्रो हकभोगमा रहेको इन्जिन नं . . . . . . . चेसिस नं. . . . . . . . . . . . . . . . . मोडेल नं. . . . . . . . . भएकोनम्बरको सवारीलाई मैले/हामीले व्यक्ति / फर्म/कम्पनी/संस्थालाई तपसिलको साक्षीको रोहवरमा रु . . . . . . . . .अक्षरेपि मा लिलाम/बिक्री/ उपहार / बकस गरी दिएको हुनाले उक्त सवारी निज / निजहरुको नाममा नामसारी गरिदिनु हुन अनुरोध गर्दछु / गर्दछौं । माथिको व्यहोरा फरक परी लिलाम / बिक्री / उपहार / बकस गरेको भएमा कानून बमोजिम सहुँला बुझाउँला ।

औंठाको छाप

| | |
|---|---|
| | |

लिलाम बिक्री/ उपहार / बकस गरिदिने

सही :

नाम :

थर :

ठेगाना . . . . . . गा.पा./न.पा. . . . वडा नं.. . . . . .टोल

फोन नं.:

बाबु वा पतिको नाम :



CamScanner

उपर्युक्त बमोजिमको सवारी साधन माथि उल्लिखित व्यक्ति/फर्म/कम्पनी / संस्थावाट मैले / हामीले लिलाम / बिक्री / उपहार / बकस सकार गरी लिएको हो । यसमा कुनै फरक पर्ने छैन । फरक पारी लेनदेन गरेको ठहरी यो नामसारी बदर भएमा कानून बमोजिम दण्ड सजाय सहन बुझाउन तयार छु/छौं ।

औंठाको छाप

बा. दा.

| | |
|---|---|
| | |

लिलाम / बिक्री / उपहार / बकस गरिदिने

सही :

नाम :

थर :

ठेगाना:. . . . . . . गा.पा./न.पा. . . ..वडा नं.... टोल

फोन नं.:

बाबु वा पतिको नाम:

साक्षी

१. .. . . . . . .गा.पा./न.पा.. . . . . वडा बस्ने वर्ष . .. . . . .
कोश्री. . . . . . . . . . . . . . .

२. . . . . . . .. . गा.पा./न.पा. . . . . . वडा बस्ने वर्ष . .. . . . को

श्री . . . . . . . . . . . ..

पेश भएका कागजातहरु

१. लिने दिने दुबैको नागरिकताको प्रतिलिपि

२. सवारी आयकर तिरेको प्रमाणको प्रतिलिपि

३. सवारी दर्ता प्रमाणपत्रको प्रतिलिपि

४. फर्म/कम्पनी/संस्थाको नाममा लेनदेन भएको भए सम्वन्धितको पत्र ५. नामसारीको लागि बुझाएको दस्तुरको रसिदको प्रतिलिपि

६. अन्य कागजात



CamScanner

सवारी जाँच प्रतिवेदनको व्यहोरा

. . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .
. . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .
. . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .
. . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .

सवारी जाँच्नेको

सही :

नाम थर :

पद :

मिति :

उपर्युक्त बमोजिम लेनदेनको मन्जुरी गरी मेरो रोहबरमा सही सनाखत गरेको र उल्लेखितकागजपत्रहरु समेत पेश गरी सकेको हुँदा नामसरी गरिदिन पेश

गरेको छु ।

फाँटवालाको

नामसारी सदर गरी प्रमाणित गरिदिनेअधिकृतकोकर

सही :

सही :

नाम थर :

नाम थर :

पद : पद :

मितिमिति :



CamScanner

अनुसूची-५

(दफा १० को उपदफा १ संग सम्बन्धित)

सवारी धनीको मृत्यु भएमा सवारीको नामसारी दरखास्त फाराम

मिति :..

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू

बर्दिबास नगरपालिका महोत्तरी, मधेश प्रदेश ।

विषय : सवारीको नामसारी सम्बन्धमा ।

इन्जिन नं. . . . . . . . चेसिस नं. . . . . . . . . . .मोडेल नं. . . . . . . . . . भएको नम्बरको सवारी धनी श्री . . . . . . . . . . . . . . . . .को मृत्यु भएकोले स्थानीय पञ्जिकाधिकारीले गरेको मृत्युदर्ता प्रमाणपत्र नं. . . . . . . . . . . . मिति. . . . . . . मिति . . . . . . . . .को नाता प्रमाणित प्रमाणपत्र र मेरो नाममा सवारी नामसारी गर्न बाँकी अन्य नातेदारहरुको मंजुरनामा सहित यो दरखास्त पेश गरेको छु । माथिको ब्यहोरा फरक परी लिलाम/बिक्री / उपहार / बकस गरेको भएमा कानून बमोजिम सहुँला बुझाउँला ।

औंठाको छाप

बा. दा.

हकवालाको

सही :

नाम थर :

ठेगाना . . . . . . . . .. .

गा.पा./न.पा. .. . .वडा नं. . . . . . टोलफोन नं.:

बाबु वा पतिको नाम :

पेश भएका कागजातहरु

१. मृत्यु दर्ताको प्रमाणपत्रको प्रतिलिपि

२. नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपि

३. सवारी दर्ता प्रमाणपत्रको प्रतिलिपि

४. सवारी आयकर तिरेको प्रमाणपत्रको प्रतिलिपि

५. नामसारीको लागि बुझाएको दस्तुरको रसिदको प्रतिलिपि

प्रमुख प्रशासकीय अधिकृत

६. अन्य हकदावी हुने नातेदारहरुको मन्जुरनामा

७. अन्य प्रमाणहरु

सवारी जाँच प्रतिवेदनको व्यहोरा

. . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .

. . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .

. . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .

. . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .

सवारी जाँच्नेको

सही :

नाम थर :

पद :

मिति :

उपर्युक्त बमोजिमको दावी सही देखिएको, मेरो रोहवरमा सही सनाखत गरेको र उल्लेखित कागजपत्रहरु समेत पेश गरिसकेको हुँदा नामसरी गरिदिन पेश गरेको छु।

फाँटवालाको

नामसारी सदर गरी प्रमाणित गरिदिनेअधिकृतकोकर

सही :

सही :

नाम थर :

नाम थर :

पद : पद :

मितिमिति :

अनुसूची-६

(दफा १२ को उपदफा १ संग सम्बन्धित )

## सवारी दर्ताको प्रमाणपत्र खारेजी दरखास्त फाराम

रामनरि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

मिति :

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू
बर्दिबास नगरपालिका
महोत्तरी, मधेश प्रदेश ।

विषय-सवारी दर्ताको प्रमाणपत्र खारेजी सम्बन्धमा

मेरो/हाम्रो नाममा त्यस नगरपालिकामा दर्ता रहेको इन्जिन नं. . .. . .. . चेसिस नं. . . . . . . .मोडेल नं. . . . . . . . . .. भएको . . . . . . . नम्बरको सवारी साधन बिग्रिई/नासिई भविष्यमा चलाउन नसक्ने भएकोले सवारी दर्ता प्रमाणपत्र संलग्न राखी दरखास्त दिएको छु । व्यहोरा बुझी दर्ता प्रमाणपत्र खारेज गरिदिनु हुन यो दरखास्त पेश गरेको छु/छौं ।

औंठाको छाप

| | |
|---|---|
| | |

निवेदकको

सही :

ठेगाना :... . . . . न.पा. ..

.. . . ..वडा नं. . . . . टोल

फोन नं.:

बाबु वा पतिको नाम :



CamScanner

पेश भएका कागजातहरु

१ सवारी दर्ता खारेज गर्नुपर्ने कारणः

. . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .

२. हराएको/ नासिएको / बिग्रिएको व्यहोराको प्रमाण तथा सिफरिश पत्र

३. सवारी दर्ता प्रमाणपत्रको सक्कल प्रति

४. अन्य कागजात

सवारी जाँच प्रतिवेदनको व्यहोरा सवारी जाँच्नेको

सही :

नाम थर :

पद :

मिति :

उपर्युक्त बमोजिमको व्यहोरा सही देखिएकोले प्रमाणपत्र खारेज गरिदिनुहुन पेश गरेको छु ।

फाँटवालाको प्रमाणपत्र खारेजी सर गरी प्रमाणित गरिदिने कर अधिकृतको

सही : सही :

नाम थर : नाम थर :

पद : पद :

मिति :मितिः

अनुसूची- ७

(दफा १३ को उपदफा १ संग सम्वन्धित)

सवारी दर्ताको प्रमाणपत्रको प्रतिलिपिको लागि दरखास्त फाराम

मिति :

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू

बर्दिबास नगरपालिका महोत्तरी, मधेश प्रदेश ।

वियष-सवारी दर्ताको प्रमाणपत्रको प्रतिलिपि

मेरो/ हाम्रो नाममा त्यस नगरपालिकामा दर्ता रहेको निम्नानुसारको सवारीको दर्ता प्रमाणपत्र हराएकोले प्रतिलिपि पाउन लाग्ने दस्तुर र आवश्यक प्रमाण समेत यसै साथ संलग्न गरी दरखास्त दिएको छु / छौं ।व्यहोरा बुझी दर्ता प्रमाणपत्रको प्रतिलिपि पाऊँ ।

१. सवारी धनीको नाम थर :

२. ठेगाना :

३. सवारी दर्ता नं.:

४. सवारीको किसिम :

५. प्रतिलिपि लिनुपर्ने कारण :

६. हराएको/नासिएको भएमा सोको मिति र स्थान :

७. उक्त व्यहोरा प्रमाणित गर्ने आधार/प्रमाण :

८. अन्य कागजात वा प्रमाण

९. लेखिएको व्यहोरा ठीक साँचो हो । झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

दरखास्त दिने व्यक्ति वा संस्थाको

दस्तखत/छाप..

नाम थर :

ठेगाना:

मिति: